# १३ औंEWER त्रैमासिक प्रतिवेदन

## अप्रीलदेखि जुन- २०१८

## पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी⁄ पूर्वसूचना दिने कोशिस गरेको छ । नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो । २०१८ को अप्रिलदेखि जुन महिनासम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता⁄तनाव, राजनीतिक तनाव⁄परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय⁄ न्यायमा पहूँच र भूकम्प लगायतका विपद्पछिको राहत⁄ सहयोग वितरण सम्बन्धी चुनौती⁄ द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ ।

## सारांश

- **स्थानीय तहमा कर्मचारी तथा अन्य जनशक्तिको अभावका कारण स्थानीय जनताले पाउने प्रभावकारी सेवामा समेत असर पर्न थालेको छ । कतिपय स्थानीय तह कर्मचारी विहीन अवस्थामा छन् भने कतिपय वडाहरुमा सचिव नहुँदा सर्वसाधारणले सहज रुपमा सेवा पाउन कठिनाई हुने गरेको छ । प्रदेश नं. १, ५ र ६ को प्रतिवेदन अनुसार पाहाडि दुर्गम जिल्लाहरुमा प्रशासकीय प्रमुखहरु अनुपस्थिती रहने वा बढी बिदामा बस्ने प्रबृत्तिले स्थानीय विकासमा समेत बाधा पर्ने गरेको निर्वाचित स्थानीय प्रतिनिधिहरुको गुनासो छ ।**
- **यस त्रैमासिक अवधिमा कतिपय स्थानीय तहका जनप्रतिनिधिहरुले जनअपेक्षा अनुसार बिकासको कार्यलाई तिव्रता दिनुको साटो जनप्रतिनिधिहरु नै बिबाद र गुटगत अवस्थामा रुमल्लिएको पाईयो । यसले गर्दा चालु आर्थिक वर्षका साथै आगामी वर्षको बिकास कार्यमा समेत बाधा पर्न सक्ने अवस्था रहेको देखिन्छ ।**
- **स्थानीय तहमा सवारी साधनहरु खरीद गर्ने र भाडामा चलाउने बिषयमा समेत आर्थिक चलखेल र अनियमिताको आरोप लाग्ने गरेको पाईएको छ । कतिपय स्थानीय तहमा पदिय ओहदा अनुसार थप गाडिको आवश्यक्ताका कुराहरु उठनुले जनप्रतिनिधिहिरु जनताको काममा भन्दा बढी सुविधामा केन्द्रीत हुन थालेको देखिएको छ ।**
- **मुलुक संघीयताको अभ्यासमा गईसकेता पनि प्रदेश र स्थानीय तहमा आवश्यक्ता अनुसारका सवै कानुनहरु निर्माण हुन नसकेकोले स्थानीय तह र प्रदेशस्तरमा प्रशासनिक तथा कानुनी समस्या देखा पर्न थालेको छ । खासगरि अधिकार र शक्ति संरचनाको हिसावले स्थानीय तह, प्रदेश र केन्द्रवीच कतिपय विषयहरुमा विवाद र अस्पष्टता देखिने अवस्था रहेको छ ।**
- **प्रदेश नंवर ५ अन्तर्गत स्थानीय तहहरुमा गरिएका बिकास निर्माणका योजनाहरु कमसल र गुणस्तरहीन भएको स्थानीय समुदायले गुनासो गरेका छन् । स्थानीय तहले विकासका बढी बजेटहरु सडक, ग्राभेल, पिसिसी ढलान, नाला जस्ता क्षेत्रमा खर्च गरेको देखिएता पनि खर्चको अनुपातमा प्रभावकारी र स्तरीय काम नदेखिएको समुदायको आरोप छ ।**
- **बिगतमा झैं यस त्रैमासिक अवधिमा पनि स्वास्थ्य क्षेत्रको अवस्था बिकराल नै रहेको पाईयो । प्रदेश नंवर १ र ६ का केही पाहाडि क्षेत्रहरुमा अस्पताल संचालनको लागि भवनको समस्या, दक्ष डाक्टर र मेशीन तथा उपकरणको अभाव जस्ता कारणले बिरामीहरु स्वास्थ्य उपचारबाटै बञ्चित हुनु परेको सार्वजनिक जानकारीमा आयो । कतिपय अस्पतालहरुमा औषधीको चरम अभाव देखियो भने कतिपय अस्पतालमा स्थानीय तहले उपचार सामग्री र औषधी उपलब्ध नगराएका कारण उपचारमा नै समस्या भएको सार्वजनिक जानकारीमा आयो ।**
- **प्रदेश नंवर २ अन्तर्गत जनकपुर अस्पतालमा चिकीत्सकमाथि नै मोसो दलेर दुर्व्यवहार गरिएको घटनाले पेशामा संलग्न चिकीत्सकहरुले पनि असुरक्षित महशुश गर्नुपर्ने अवस्था सृजना भएको छ । सो अस्पतालमा चिकीत्सकको लापरवाहीले एक बिरामीको ज्यान गएको आरोप लगाई स्थानीयले चिकीत्सकलाई नै मोसो दलेर दुर्व्यवहार गरेका थिए । यस प्रकृतिका घटनाले स्थानीयस्तरमा चिकीत्सक र स्वास्थ्यकर्मीहरुले असुरक्षित महशुश गर्नु परेको उनीहरु बताउँछन् ।**
- **भ्रष्टाचारलाई शुन्य शहनशीलतामा झार्ने सरकारी उद्घोष रहेता पनि बिभिन्न निकायहरुमा भ्रष्ट्राचारका गतिविधिहरु भएको पाईयो । भ्रष्ट्राचार विरुद्ध केही ठाउँमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले र केही ठाउँमा स्थानीय सरोकारवाला निकायले कार्वाहीको प्रकृया अगाडि बढाए । सरकारी ओहदामा र ठेक्कासंग सम्बन्धित कार्यहरुमा बढी अनियमितता र भ्रष्टाचारका गतिबिधिहरु रहेको यस अवधिको प्रतिवेदनमा उल्लेख छ ।**

- प्रदेश नं. ७ को बैतडी लगायत अधिकांश जिल्लाका कारागारहरुमा भौतिक अवस्था जीर्ण र श्रोत साधनको उचित व्यवस्थापन नहुँदा कारागारमा रहने बन्दी र अन्य कर्मचारीहरुले निकै समस्या व्यहोर्नु परेको छ। जीर्ण भवनमा क्षमताभन्दा बढी बन्दीहरु राखिने, स्वच्छ पिउने पानीको अभाव, शौचालय र सरसफाईको अभाव, बिरामीलाई स्वास्थ्योपचारको अभाव जस्ता समस्याहरु बिधमान रहे पनि सुधारका कार्यहरुमा खासै प्रगति हुन सकेको देखिएन।
- बिगतमा झैं यस अवधिमा पनि महिलामाथिको हिंसाका घटनाहरु व्यापक रुपमा भएको पाईयो। हत्या गर्ने वा आत्महत्याको लागि महिलालाई मानसिक उक्साहट गर्ने, बलात्कार, बलात्कारपछि हत्या, यौनजन्य दुर्व्यवहार, कथित बोक्सीको आरोपमा अमानवीय कार्य, बाल विवाह, बेचबिखन, घरेलु हिंसा लगायतका घटनाहरुबाट महिला र बालिकाहरु यस अविधिमा पनि निकै नै प्रताडित हुनु परेको छ। महिलामाथि भएका जघन्य प्रकृतिका हिंसा लगायतका घटनाहरुको प्रकृतिलाई हेर्दा बालिका र युवा उमेर समूहका महिलाहरु बढी प्रभावित देखिन्छन्। केही घटनामा भने प्रहरी र प्रशासनिक निकायबाट कार्वाहीका प्रकृया अगाडि बढाईएको पाईयो, जुन सकारात्मक पक्षका रुपमा लिईएको छ। केही प्रतिनिधिमूलक घटनाहरु यस प्रतिवेदनमा संलग्न छ। *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ।)*
- यस त्रैमासिक अवधिमा जातिय छुवाछुत र भेदभावका घटनाहरु पनि सार्वजनिक जानकारीमा आए। नेपालको संविधानको मौलिक हकमै जातिय छुवाछुत विरुद्धको अधिकारलाई सुनिश्चित गरिए पनि कानुनको प्रभावकारी कार्यान्वय हुन नसक्दा कथित उपल्लो जाति भनिने समुदायबाट अझै पनि भेदभाव र छुवाछुतका घटनाहरु हुने र यस्ता घटनाहरुमा पीडित पक्षलाई नै मिल्नका लागि दवाव दिने गरिएको पाईयो। जसलाई यस अवधिको उल्लेख्य घटनाका रुपमा लिईएको छ।
- यस अवधिमा नेत्र विक्रम चन्द 'बिप्लव' नेतृत्वको नेकपाका कार्यकर्ताहरुले केही ठाउँमा प्रहरीमाथि आक्रमण गर्नुका साथै बम बिष्फोट र धम्कीका कार्यलाई निरन्तरता दिएको पाईयो। सो संगठनका कार्यकर्ताहरुको बिष्फोट र धम्कीका कारण केही ठाउँमा जनजीवन त्रसित हुन पुग्यो भनेसो संगठनमा आवद्ध भएको आरोपमा प्रहरीले कतिपय ठाउँबाट गिरफ्तारी गर्ने कार्यलाई पनि निरन्तरता दिईनै रहेको पाईयो। हुम्लामा भने प्रहरी हिरासतबाटै सो संगठनका दुई जना कार्यकर्ताहरु भाग्न सफल हुनुले प्रहरीको सुरक्षामै चूनौती बढाएको छ।
- यस त्रैमासिक अवधिमा राजनीतिक दल र तिनका भातृ संगठनहरुले गरेको बिरोध प्रदर्शनमा प्रहरीबाट हस्तक्षेप भएपछि झडपका घटनाहरु भए। सरकारले बिरोध प्रदर्शन गर्न पाउने र आन्दोलन गर्न पाउने भनि निश्चित क्षेत्र निर्धारण गरि घोषणा गरेकोमा नागरिक समाज र राजनीतिक दलहरुले नै सोको बिरोध समेत जनाए।
- बिगतमा झैं यस अवधिमा पनि श्रोत साधनमाथिको दोहनले स्थानीयस्तरमा तनाव बढाएको पाईयो। खासगरि क्रसर संचालन र स्काभेटरको प्रयोग र अत्यधिक दोहनले स्थानीय खोलाहरु बढी गहिरिने र बिपदको जोखिम बढने भन्दै स्थानीयले बिरोध गरे। कतिपय स्थानमा भने बिरोध र अवरोधका बावजुद पनि खोलानालाहरुबाट नदीजन्य पदार्थहरु चोरी निकासी गरि बेचबिखन गर्ने कार्य भईरहेको पाईयो। यस्ता कार्यमा राजनीतिक संलग्नतामै संरक्षण हुने गरेको स्थानीयको आरोप छ।
- कर्णाली प्रदेशमा अवस्थित कर्णाली जलविद्युत आयोजनाको खारेजी र भेरी बबई डाईभर्सनमा समुदायको न्यूनतम माँगहरु पुरा गरिनुपर्ने माँग अघि सार्दै स्थानीयले बिरोध र तालावन्दी गरे। स्थानीयले भेरी बबई परियोजनासंग शुद्ध खानेपानी, सिंचाई र प्रदुषणमुक्त वातावरण निर्माण गर्न माँग गर्दै आएको उनीहरु बताउँछन्।
- न्यायको बैकल्पीक व्यवस्थाका रुपमा स्थानीय तहमै न्यायिक समिति गठन भएता पनि समितिमा बिबादका पक्षहरुको उजुरी अति न्यून मात्रामा आउने गरेको पाईयो। आम नागरिकलाई न्यायिक समितिको बारेमा जानकारी नहुनु, दलीय हिसावले न्याय सम्पादनको आशंका, पदाधिकारी बारे न्याय निरुपणको क्षमता जस्ता कारणले मुद्दाको चाप न्यायिक समितिमा भन्दा प्रहरीमै बढी हुने गरेको पक्षहरुको भनाई रहेको पाईयो।
- ०७२ सालमा गएको महाभूकम्प तीन वर्ष वितिसक्दा पनि भूकम्प प्रभावित क्षेत्रहरुमा प्रभावित व्यक्तिहरुले सहज रुपमा राहत नपाउँदा घर टहरा बनाउने कार्यमा अझै ससमस्या देखिएको छ। यतिका समय बित्दा पनि घर टहरा बनाउ नपाएपछि अव एकातिर सामानको मूल्य आकाशिदो छ भने अर्कोतिर राहत रकम पनि नपाईने हो कि भन्ने पिरलो पीडितहरुमा बढदो छ।
- भूकम्प प्रभावित क्षेत्रहरुमा भूकम्पबाट क्षति हुन पुगेको बिद्यालयको भौतिक संरचनाको पूर्ननिर्माण हुन नसक्दा पठन पाठनमै समस्या भई बालबालिकाहरु शिक्षाबाट नै बञ्चित हुनु परेको छ।

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**स्थानीय तहमा कर्मचारी तथा अन्य जनशक्तिको अभावका कारण स्थानीय जनताले पाउने प्रभावकारी सेवामा समेत असर पर्न थालेको छ। कतिपय स्थानीय तह कर्मचारी विहीन अवस्थामा छन् भने कतिपय वडाहरुमा सचिव नहुँदा सर्वसाधारणले सहज रुपमा सेवा पाउन कठिनाई हुने गरेको छ। प्रदेश नं. १, ५ र ६ को प्रतिवेदन अनुसार पाहाडि दुर्गम जिल्लाहरुमा प्रशासकीय प्रमुखहरु अनुपस्थिती रहने वा बढी बिदामा बस्ने प्रबृत्तिले स्थानीय विकासमा समेत बाधा पर्ने गरेको निर्वाचित स्थानीय प्रतिनिधिहरुको गुनासो छ।**

भोजपुर जिल्लाको साल्पासिलिछो गाउँपालिकामा कर्मचारी नहुँदा प्रशासनदेखि विकास निर्माणका सवै कामहरु ठप्प रहेका छन्। गाउँपालिकाको कार्यालयमा एकजना पनि कर्मचारी नहुँदा दैनिक कामकाज नै ठप्प हुने गरेको छ। गाउँपालिकाका कार्यकारी अधिकृत अशोक विष्ट र लेखापाल राम दाहाल सरुवा मिलाई अन्यत्र गएपछि नयाँ कर्मचारीको अभावमा सो ठाउँको दैनिक कामकाज प्रभावित हुदै आएको छ। गाउँपालिकाका अध्यक्ष महेश राईले पूराना अधिकृत र लेखापालको सरुवा भएको र उनीहरुका ठाउँमा नयाँ अधिकृत नआएका कारण समस्या उत्पन्न भएको बताए। कामको लागि कार्यालयमा आउने जनताको काम कर्मचारीको अभावमा समयमै पुरा गर्न नसक्दा त्यसको पनि मार आफूहरुलाई नै परिरहेको र सर्वसाधारणले समेत आफ्नो आलोचना गर्न थालेको अध्यक्ष राईले दुखेसो गरे। कुल ६ वटा वडा रहेको सो गाउँपालिकाको तीनवटा वडामा मात्रै सचिव रहेका र बाँकी तीनवटा वडा अझै सचिव विहीनकै अवस्थामा छ।

**त्यसैगरि** भोजपुरको आमचोक गाउँपालिकाको अवस्था पनि उस्तै छ। कार्यपालिकादेखि वडासम्म अधिकांश कर्मचारीको पद रिक्त हुँदा दैनिक कार्य सम्पादन प्रभावित हुन पुगेको छ। सो कार्यालयमा प्रशासन हेर्ने नायव सुव्वा, इञ्जिनियर, प्राविधिक लगायत ३७ जना कर्मचारीको अभावका कारण सेवा प्रवाहमै समस्या उत्पन्न भएको स्थानीय जनप्रतिनिधिहरु बताउँछन्।

ओखलढुङ्गा जिल्लाको स्थानीय तह अन्तर्गत कुल ७५ वटा वडामा २० जना मात्र वडा सचिवहरुले काम गर्नुपरेको हुँदा सेवाग्राहीहरुले समयमै प्रभावकारी सेवा पाउने अवसरबाट बन्चित हुनु परेको छ। प्रशासन सेवातर्फ कर्मचारीको अभाव हुँदा प्राविधिक सहायक र अहेवलाई जिम्मा दिएर वडा सञ्चालन गरिएको छ। सुनकोसी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष गोविन्दराम तामाङका अनुसार १० वटा वडा रहेको सुनकोसी गाउँपालिकामा दरबन्दीका दुई जनामात्र वडा सचिवहरु रहेका र उनीहरु पनि अनुपस्थित भईदिदा पुरै गाउँपालिकाको काम नै ठप्प हुने अवस्था रहेको छ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

स्थानीय तहको निर्वाचन सम्पन्न भएको एक वर्ष पुरा हुन लाग्दा पनि कैलालीको विकट मोहन्याल गाउँपालिकामा कर्मचारी व्यवस्थापन र कार्यालय स्थापना हुन सकेको छैन। साविक मोहन्याल, पण्डौन र सुगरखाल गाविस मिलेर बनेको मोहन्याल गाउँपालिकामा २४ जना कर्मचारी आवश्यक भए पनि सरकारले कर्मचारी नपठाउँदा तीन जना कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्नुपरेकोले सेवाग्राहीहरू मार्कामा परेका हुन्। तीनजनाले मात्रै सातवटा वडा कार्यालयको काम गर्नुपरेकोले सेवाग्राहीलाई समयमा सेवा दिन नसकेको मोहन्याल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त ओझाले बताए। उनले भने 'कर्मचारी नहुँदा एकजना वडासचिवले वडा नं. १ देखि ५ सम्मको काम गर्दै आएका छन्।' पर्याप्त कर्मचारी नहुँदा गाउँपालिकाले प्रदान गर्ने सेवाहरू जन्मदर्ता, विवाहदर्ता, विभिन्न प्रकारका सिफारिस र नागरिकता सम्बन्धी कार्यहरू सहज रूपमा नपाएको स्थानीयले गुनासो गरेका छन्।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)

संघीयता स्थापनासंगै जनताको घर दैलोमा सेवा उपलब्ध हुन्छ, गाउँ गाउँमा सिंहदरबार आउँछ भन्ने नारालाई स्थानीय तथा प्रदेश तहमा कर्मचारी अभावले असफल प्रायः बनाएको छ। कर्मचारी व्यवस्थापन फितलो हुँदा कतै संघीयता नै असफलता तर्फ उन्मुख भएको त होइन ? भन्ने चिन्ता छाएको छ। यसैमाथि सरकारले कर्मचारी व्यवस्थापनका लागि गरेको प्रयास विवादित हुँदा त्यसले थप समस्या ल्याएको छ। स्वेच्छिक अवकासका लागि फाराम भरिसकेका कर्मचारीलाई विदाई गर्नुको साटो काममा पठाउनुले कर्मचारी रुष्ट बनेका छन्। अर्कोतर्फ प्रदेश लोकसेवा आयोगको गठन तथा कर्मचारी नियुक्ति प्रकृया सुचारु हुन नसक्दा अहिलेका धेरैजसो कर्मचारी प्रदेश र स्थानीय तहमा काम गर्न जान मानेका छैनन्।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**यस त्रैमासिक अवधिमा कतिपय स्थानीय तहका जनप्रतिनिधिहरुले जनअपेक्षा अनुसार बिकासको कार्यलाई तिव्रता दिनुको साटो जनप्रतिनिधिहरु नै बिबाद र गुटगत अवस्थामा रुमल्लिएको पाईयो। यसले गर्दा चालु आर्थिक वर्षका साथै आगामी वर्षको बिकास कार्यमा समेत बाधा पर्न सक्ने अवस्था रहेको देखिन्छ।**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकामा मेयर र कार्यकारी प्रमुखको कार्यशैलीमा असन्तुष्टि जनाउँदै सो नगरपालिकाका सात जना वडाध्यक्षहरु मेयर र कार्यकारी प्रमुख विरुद्ध आन्दोलनमा उत्रिए। जलेश्वर नपा-१ का वडाध्यक्ष अनिल कुमार झा, २ का बरुण दाहाल, ६ का रविन्द्र साह, ७ का रामछविला यादव, ८ का विजय सिंह, ९ का रविन्द्र यादव र १० का

विकाउ दासले पत्रकार सम्मेलन गर्दै नगरपालिकामा भइरहेको अख्तियार दुरुपयोग, मनपरी कार्यशैली र भ्रष्टाचारको विरुद्धमा आफूहरु आन्दोलनमा उत्रिएको जनाए । कुल १२ वटा वडा रहेको नगरपालिकामा ७ जना वडाध्यक्ष आन्दोलनमै रहेको बेला पाँच जना वडाध्यक्ष र मनोनित सदस्यहरुको संख्यालाई बहुमतको संख्या बताउँदै मेयर रामशंकर मिश्रले योजनामा करोडौ रुपैयाँ हिनाभिना गरेको आन्दोलनरत वडाध्यक्षहरुको आरोप छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

स्याङ्ज्याको फेदीखोला गाउँपालिकमा निर्वाचित जनप्रतिनिधिको सेवा प्रवाह सन्तोषजनक रुपमा नदेखिएको स्थानीयको गुनासो छ । पदभार ग्रहण गरेको वर्ष दिन पुगेको अवसरमा उपलब्धी, सेवा प्रवाह, प्रभावकारिता र जनगुनासो विषयमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा सो गुनासो पाईएको हो । फेदीखोलाका कतिपय वडा विकटमा रहेको तर स्थानीयका लागि प्रभावकारी सेवामा भने कुनै सहयोग पुग्न नसकेको जनाउँदै विकास योजनाको बाँडफाँड सबै क्षेत्रमा बराबरी रुपले हुनुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

**स्थानीय तहमा सवारी साधनहरु खरीद गर्ने वा भाडामा चलाउने बिषयमा समेत आर्थिक चलखेल र अनियमिताको आरोप लाग्ने गरेको पाईएको छ । कतिपय स्थानीय तहमा पदीय ओहदा अनुसार थप गाडिको आवश्यक्ताका कुराहरु उठनुले जनप्रतिनिधिहरु जनताको काममा भन्दा बढी सुविधामा केन्द्रीत हुन थालेको देखिएको छ ।**

स्थानीय तहमा जनप्रतिनिधीहरु निर्वाचित भई आएपछि तलव, भत्ता र यातायातमा ठूलो धनराशी खर्च भईरहेको छ । पूराना नगरपालिकाहरुसंग आफ्नै सवारी साधनहरु भए तापनि नयाँ गठन भएका गाउँपालिका र नगरपालिकाहरुसंग आफ्नै सबारी साधनहरु नहुँदा ठूलो रकम भाडामा खर्च भईरहेका पाईएको हो । केही स्थानीय तहमा प्रमुखले स्थानीय तहको गाडी प्रयोग गर्ने, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुले भाडामा गाडि लिएर प्रयोग गर्ने गरेका छन् । सुविधाकै विषयलाई लिएर रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकामा २०७४ चैत्र ३० गते नगरपालिकाका उपप्रमुख र उपभोक्ता समितिले नै तालाबन्दी गरेपछि रुपन्देहीको कामकाज ठप्प भयो । उपप्रमुख जानकीदेवी श्रीवास्तवले आफुले गाडी भाडा नपाएको भन्दै चैत ३० गते नगरपालिकाका प्रशासकीय अधिकृत मोहन पौडेललाई बाहिर निकाली उनको कार्यकक्षमा तालाबन्दी गरेकी थिईन् ।

कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकाका प्रमुखले गाडी भाडामा लिएर व्यक्तिगत कामकाजमा प्रयोग गरेको भन्दै स्थानीयले विरोध गरे । दैनिक चार हजारले मासिक एकलाख २० हजार र तेल खर्च दिने गरी गाउँपालिकाका प्रमुख गिरजेश कुमार पाण्डेले भारतीय नम्बर प्लेट यूपी ५५ डब्लु ९३६७ को स्कार्पियो गाडी भाडामा लिएर प्रयोग गर्दै आएका छन् । त्यस्तै कपिलवस्तु जिल्लाको बिजयनगर गाउँपालिकाले पनि मासिक दुई लाख रुपैयामा दुई वटा स्कार्पियो गाडी भाडामा प्रयोग गरेको पाईएको छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**मुलुक संघीयताको अभ्यासमा गईसकेता पनि प्रदेश र स्थानीय तहमा आवश्यक्ता अनुसारका सवै कानुनहरु निर्माण हुन नसकेकोले स्थानीय तह र प्रदेशस्तरमा प्रशासनिक तथा कानुनी समस्या देखा पर्न थालेको छ । खासगरी अधिकार र शक्ति संरचनाको हिसावले स्थानीय तह, प्रदेश र केन्द्रवीच कतिपय विषयहरुमा विवाद र अस्पष्टता देखिने अवस्था रहेको छ ।**

नयाँ संविधान बमोजिम स्थापित प्रदेश तथा स्थानीय सरकारले आवश्यक कानुन निर्माण गर्न नसक्दा विभिन्न प्रशासनिक तथा कानुनी समस्या देखा परेको छ । समयमै कानुन निर्माण नहुँदा एकातर्फ बजेट ल्याउन र खर्च गर्नमा समस्या छ भने अर्कोतर्फ जनताको अपेक्षा पूरा गर्न नसकिने अवस्था छ । कानुनको अभाव कानुनी शासनकै बाधक हो । मुलुक संघीयतामा प्रवेश गरेसंगै सबै तहका निर्वाचन सम्पन्न भैसकेका छन् । यस्तो अवस्थामा जनताले कानुन छ या छैन भन्दा पनि आफ्ना काम किन समयमा हुन सकेन ? भन्ने प्रश्न गर्न थालेका छन् । यस किसिमको जनआकाँक्षाको समयमै व्यवस्थापन गर्नु सबैस्तरका सरकारको परम कर्तव्य हो । यधपी कानुन निर्माण नै नभएको भने होइन । तर अत्यावश्यक कानुन छिटोभन्दा छिटो निर्माण गरिनु जरुरी छ । यसरी निर्माण गरिने कानुनले स्थानीय आवश्यकता, परम्परा तथा जनचाहना समेत सम्बोधन गर्न सक्नुपर्छ

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**प्रदेश नंवर २ र ५ अन्तर्गत स्थानीय तहहरुमा गरिएका बिकास निर्माणका योजनाहरु कमसल र गुणस्तरहीन रहेको स्थानीय समुदायको आरोप छ । स्थानीय तहले विकासका बढी बजेटहरु सडक, ग्राभेल, पिसिसी ढलान, नाला जस्ता क्षेत्रमा खर्च गरेको देखिएता पनि खर्चको अनुपातमा प्रभावकारी र स्तरीय काम नदेखिएको उनीहरु बताउँछन् ।**

सिरहाको गोलबजार नगरपालिका-२ स्थित पर्यटकीय स्थल गुम्विखाडी दह जोडने मैनाबती खोलामा बन्दै गरेको पुल सामान्य बाढीले भत्काएको छ । राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिको ४५ लाख लागतमा उपभोक्ता समिति मार्फत बन्दै गरेको पुल ०७५ असार १० गते बिहान आएको सामान्य बाढीले भत्काएको हो । खोलाको वहावलाई ख्यालै नगरी पुल बनाएकोले पानीको तिव्र गतिका कारण पुल भत्किएको स्थानिय राम दयाल साहले बताए । निर्माणस्थलको अवलोकन र अवस्थालाई सही तरिकाले पूर्वानुमान गरेर काम गर्नुभन्दा पनि विकास समितिले आफनै मनोमानी तरिकाले योजना सम्पन्न गर्न खोजेको कारणले उक्त अवस्था सृजना भएको स्थानीयको आरोप छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

कपिलवस्तु जिल्लामा आर्थिक वर्ष (आव) को लामो समयसम्म काम नगर्ने र समय सकिन लागेपछि बजेट खर्च गर्ने परिपाटीका कारण कपिलवस्तुका सबै नगरपालिका र गाउँपालिकामा यतिखेर सम्पन्न भएका योजनाहरु गुणस्तरहीन भएको स्थानीयको आरोप छ। चालू आ.व. ०७४/७५ सकिन लाग्दा सरकारी निकाय धमाधम बजेट सक्ने कसरतमा लागेका छन्। नगरपालिकाले प्रत्येक वडालाई एक करोडदेखि दुई करोडसम्मको बजेट बिनियोजन गरेको छ। त्यही बजेटले वडा अध्यक्षले भित्री गाउँमा नयाँ सडक, पीसीसी ढलान, कालोपत्रे सुरु गर्न हतारमा उपभोक्ता समिति गठन गर्ने र समितिमा आफन्तलाई राखि देखाउनका लागि मात्र काम गर्ने प्रबृत्तिले कामको गुणस्तरीयता फितलो हुने गरेको स्थानीयको आरोप छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि स्वास्थ्य क्षेत्रको अवस्था बिकराल नै रहेको पाईयो । प्रदेश नंवर १ र ६ का केही पाहाडि क्षेत्रहरुमा अस्पताल संचालनको लागि भवनको समस्या, दक्ष चिकीत्सक र मेशीन तथा उपकरणको अभाव जस्ता कारणले बिरामीहरु स्वास्थ्य उपचारबाटै बञ्चित हुनु परेको पाईयो । कतिपय अस्पतालहरुमा औषधीको चरम अभाव र कतिपयमा स्थानीय तहले उपचार सामग्री र आवश्यक औषधी उपलब्ध नगराएका कारण उपचारमा नै समस्या भएको सार्वजनिक जानकारीमा आयो ।**

भोजपुरको टेम्के मैयुङ गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधीको अभाव देखिएको छ । गाउँपालिका भित्रका नौ वटै वडाका स्वास्थ्यचौकीमा अत्यावश्यक औषधी नभएपछि सेवाग्राही मारमा परेका छन् । अस्पतालमा आएका बिरामीहरुलाई औषधी अभावकै कारण सदरमुकाम लगायत ठूला सुविधा सम्पन्न शहरहरूमा लानुपर्ने बाध्यता रहेको सेवाग्राहीको गुनासो छ । सिटामोलसम्म स्वास्थ्य संस्थामा नभएको इलाका स्वास्थ्य चौकी अन्नपूर्णका प्रमुख दानप्रसाद राई बताउँछन् । कोट स्वास्थ्य चौकीका प्रमुख गणेश राईका अनुसार औषधिको अभावले सेवाग्राही प्रत्यक्ष मारमा पर्ने गरेका छन् ।

संखुवासभा जिल्लाको शिलिचोङ्ग गाउँपालिकामा मानव स्वास्थ्य चेक जाँचको लागि अत्यावश्यक मानिएको एक्सरे मेशीन नहुँदा अस्पतालमा उपचारका लागि पुग्ने जोकोही बिरामीले एक्सरे सेवाको लागि घण्टौ हिडेर अन्यत्र जानुपर्ने बाध्यता रहेको छ। उक्त गाउँपालिकाको लागि सात महिनाअघि एक्सरे मेशीन पठाईएको भएता पनि जडान गर्न गरिएको ढिलासुस्तीले अस्पतालमा आउने बिरामीहरु मार्कामा पर्ने गरेका छन् ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

प्रदेश नम्वर ६ अन्तर्गतका कतिपय स्थानहरुमा स्वास्थ्य सम्बन्धी समस्या धेरै देखिएका छन् । खाद्यान्न अभाव, कुपोषण, औषधी अभाव लगायत आवश्यक स्वास्थ्य सामग्रीको अभावमा स्वास्थ्य सेवा प्रभावित भएको छ । जिल्लामा रहेका अस्पतालहरुमा पनि दरबन्दी अनुसार स्वास्थ्यकर्मी छैनन् । आकस्मिक उपचारमा दक्ष चिकीत्सकको अभावमा विरामीले ज्यानै समेत गुमाउनुपरेको छ । कर्णाली प्रदेशमै उपयुक्त मेडिकल कलेजको आवश्यकता टट्कारो देखिएको छ । जुम्ला जिल्लाका ६० मध्ये ३० वटा वडामा स्वास्थ्य चौकी नहुँदा जनताले सामान्य उपचारका लागि पनि धेरै टाढा जानुपर्ने अवस्था छ ।

कर्णाली प्रदेशको वीरेन्द्रनगरस्थित क्षेत्रीय अस्पतालको आकस्मिक उपचार कक्षमा डाक्टर कुर्दाकुर्दै विरामीको मृत्यु भएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. डम्मर खड्काले दरबन्दी अभावका कारण राम्रो स्वास्थ्य सेवा दिन नसकिएको बताएका छन् । सोही उपचार कक्षमा सुत्केरी हुन आएकी कालिकोट महावै गाउँपालिका-१० की ३५ बर्षीय मनिषा सिंङको डाक्टरको लापरवाहीका कारण मृत्यु भएको उनका परिवारजनको आरोप छ ।

जाजरकोट जिल्ला अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुले सात महिनादेखि तलब भत्ता नपाएको भन्दै इमर्जेन्सी बाहेक अस्पतालका सबै सेवा ठप्प पारेका थिए भने जुम्लाका स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरुले पनि तलब भत्ता नपाएको भन्दै जिल्ला प्रशासन कार्यालयमा प्रदर्शन गरे । यस किसिमका गतिविधिले एकातिर गुणस्तरीय स्वास्थ्य सेवाको अभाव भईरहेको समयमा अर्कोतिर कार्यरत स्वास्थ्यकर्मीहरुले नै समयमा तलव सुविधाहरु नपाउँदा स्वास्थ्य सेवा मै प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**प्रदेश नंवर २ अन्तर्गत जनकपुर अस्पतालमा चिकीत्सकमाथि नै मोसो दलेर दुर्व्यवहार गरिएको घटनाले पेशामा संलग्न चिकीत्सकहरुले पनि असुरक्षित महशुश गर्नुपर्ने अवस्था सृजना भएको छ। सो अस्पतालमा चिकीत्सकको लापरवाहीले एक बिरामीको ज्यान गएको आरोप लगाई स्थानीयले चिकीत्सकलाई नै मोसो दलेर दुर्व्यवहार गरेका थिए। यस प्रकृतिका घटनाले स्थानीयस्तरमा चिकीत्सक र स्वास्थ्यकर्मीहरुले असुरक्षित महशुश गर्नु परेको उनीहरु बताउँछन्।**

जनकपुर अस्पतालका मेडिकल सुपरिडेण्ट ५५ वर्षीय डा. रामपरीक्षण यादवलाई मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा प्रहरीले ०७५ जेठ २७ गते तीन जना युवाहरुलाई गिरफ्तार गरयो। मेसु यादवलाई मोसो दलेको आरोपमा जनकपुर उपमहानगरपालिका-१४ का २५ वर्षीय अखिल मठी, वडा नं. १३ का २२ वर्षीय विपीन साह र वडा नं. ८ का २३ वर्षीय अमित ठाकुरलाई गिरफतार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी गोविन्द थपलियाले बताए। मेसु यादवलाई जनकपुरका युवाहरुले जेठ २७ गते कार्यालयमै मोसो दलि दुर्व्यवहार गरेको पीडित पक्षको आरोप छ। जनकपुर अस्पतालमा पटक पटक चिकित्सकको लापारवाहीले सर्वसाधारणको ज्यान गइरहेको भन्दै सेवा सुधारका लागि केही राजनीतिक दलका युवा संगठनहरुले सो दिन मेसु यादव समक्ष ज्ञापन पत्र बुझाएको तर दुर्व्यवहार नगरिएको गिरफतारीमा परेका युवाहरुको भनाई रहेको छ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

**भ्रष्टाचारलाई शुन्य सहनशीलतामा झार्ने सरकारी उद्घोष विपरीत यस अवधिमा पनि बिभिन्न निकायहरुमा भ्रष्टाचारका गतिविधिहरु भएको पाईयो। भ्रष्टाचार विरुद्ध केही ठाउँमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले र केही ठाउँमा स्थानीय सरोकारवाला निकायले कार्वाहीको प्रकृया अगाडि बढाए। सरकारी ओहदामा र ठेक्कासंग सम्बन्धित कार्यहरुमा बढी अनियमितता र भ्रष्टाचारका गतिबिधिहरु रहेको यस अवधिको प्रतिवेदनमा उल्लेख छ।**

प्रदेश नं. ५ अन्तर्गत कपिलवस्तुस्थित इलाका वन कार्यालय जवाबैराठका सहायक बन अधिकृत ब्रम्हदेव महतोलाई तीनलाख रुपैया घुस रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले २०७५ असार १ गते उनको डेराबाटै गिरफ्तार गरेको छ। सेवाग्राहीबाट घुस रकम लिएको सुचनाका आधारमा महतोलाई डेरामा रकमसहित फेला पारेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलले जनायो। गोलिया निकासी, काठ कटानी अनुमतिका लागि सेवाग्राहीबाट सो रकम घुस लिएको आरोपमा गिरफतार गरिएको अख्तियारले जनाएको छ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

प्रदेश नं. २ अन्तर्गत लहान नपा-७ स्थित पशुपति आदर्श माध्यमिक विद्यालयमा भ्रष्टाचारले सिमा नाघ्नुको साथै शैक्षिक गतिविधिमा ह्रास आएपछि शिक्षक विद्यार्थीहरु आन्दोलित भएका छन्। शिक्षक र बिद्यार्थीहरुले १४ बुंदे माँग सहित ०७५ जेठ २५ गतेदेखि २९ गतेसम्म बिरोधका कार्यक्रमहरु समेत गरेको पाईयो। प्रदर्शनकै क्रममा शिक्षक र बिद्यार्थीहरुले लहान नगरपालिकाका नगरप्रमुख मुनि साह र ७ नम्वर वडाध्यक्ष राकेश रोशन गुप्ता समक्ष अनियमितता छानवीन गरि बिद्यालयको समस्या समाधानमा पहल गर्न आगह समेत गरे। नगर प्रमुख मुनि साहले बिद्यालयको रकम हिनामिनाामा संलग्न सवैलाई कार्वाही हुने बताए।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

प्रदेश नं. ४ अन्तर्गत तनहुँको भीमाददेखि ऋषिङ जोड्ने शृंगपथ सडक हरेक वर्षाको मौसममा हिलाम्य हुँदा आवतजावत गर्ने सवारी र पैदल यात्रुले निकै सास्ती व्यहोर्नु परेको छ। तर ठेक्का लिएर पनि समयमै सडक निर्माण नगर्ने ठेकेदारलाई भने कुनै कार्वाही हुन सकेको छैन। सडक गतवर्ष नै स्तरोन्नति गरिसक्ने गरी ठेक्का लागेको थियो। सम्झौता अवधि गुज्रिए पनि ठेकेदारले काम नगरेपछि स्थानीयले सास्ती व्यहोर्नु परेको हो। 'सडकको ओटासिल गर्ने ठेक्का लागेको ३ वर्ष भयो,' शृंगपथ-माझकोट सडक उपभोक्ता समिति सचिव धनबहादुर थापाले भने, 'ठेकेदारले शृंगपथ सडकमा लापरबाही गरिदिए।' १५ महिने सम्झौताको अवधि गुज्रिए पनि जम्मा ४६ प्रतिशत मात्र काम भएको सरोकारवालाहरुले जनाए। उता जिल्ला प्राविधिक कार्यालय तनहुले ठेक्का लिएको काममा प्रगति देखाउन नसकेपछि ठेकेदार कम्पनीलाई कारबाही स्वरूप ३० लाख रुपैयाँ जरिवाना गरिएको जनाएको छ। पछिल्लो पटक थप गरिएको म्याद ०७४ फागुनमा सकिए पनि सडकको दुरावस्थामा भने सुधार हुन सकेको छैन।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

**प्रदेश नं. ७ को बैतडी लगायत अधिकांश जिल्लाका कारागारहरुको भौतिक अवस्था जीर्ण र श्रोत साधनको उचित व्यवस्थापन नहुँदा कारागारमा रहने बन्दी र अन्य कर्मचारीहरुले निकै समस्या व्यहोर्नु परेको छ। जीर्ण भवनमाा क्षमताभन्दा बढी बन्दीहरु राखिने, स्वच्छ पिउने पानीको अभाव, शौचालय र सरसफाईको अभाव, बिरामीलाई स्वास्थ्योपचारको अभाव जस्ता समस्याहरु बिधमान रहे पनि सुधारका कार्यहरुमा खासै प्रगति हुन सकेको देखिदैन।**

जिल्ला कारागार शाखा बैतडीको भवन जिर्ण हुँदा कैदी र बन्दीहरुलाई बस्न समेत निकै समस्या परेको छ। २०४० सालमा निर्माण भएको भवन पटक पटकको प्राकृतिक बिपदका कारण जिर्ण हुँदै गएको छ। त्यसले गर्दा भवनमा समस्या देखिएको छ। कारागारका जेलर अनिल कुमार तिवारीका अनुसार भवनको अवस्था जीर्ण रहेकोले बन्दी एवं कर्मचारीहरुलाई समेत बस्न असहज भईरहेको हुँदा पुर्ननिर्माणका लागि सम्बन्धित निकायमा अवगत गराई सकिएको तर उतावाट केही निर्णय आउन सकेको छैन। कारागारमा भवनका अलावा स्वच्छ पिउने पानी, खाद्यान्न सामग्री र उचित बातावरणको समेत अभाव रहेको बन्दीहरु बताउँछन्। कुला २५ जनाको क्षमता रहेको सो जिल्ला कारागारमा हाल २८ जना कैदी र ११ जना थुनुवासहित ३९ जना रहेका छन्।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)**

## २ - सामाजिकएकता/तनाव

**बिगतमा झै यस अवधिमा पनि सातवटै प्रदेशमा महिलामाथिको हिंसाका घटनाहरु व्यापक रुपमा भएको पाईयो। हत्या गर्ने वा आत्महत्याको लागि महिलालाई मानसिक उक्साहट गर्ने, बलात्कार, बलात्कारपछि हत्या, यौनजन्य दुर्व्यवहार, कथित बोक्सीको आरोपमा अमानवीय कार्य, बाल विवाह, बेचबिखन, घरेलु हिंसा लगायतका घटनाहरुबाट महिला र बालिकाहरु यस अविधिमा पनि निकै नै प्रताडित हुनु परेको छ। महिलामाथि भएका जघन्य प्रकृतिका हिंसा लगायतका घटनाहरुको प्रकृतिलाई हेर्दा बालिका र युवा उमेर समूहका महिलाहरु बढी प्रभावित देखिन्छन्। केही घटनामा भने प्रहरी र प्रशासनिक निकायबाट कार्वाहीका प्रकृया अगाडि बढाईएको पाईयो, जुन सकारात्मक पक्षका रुपमा लिईएको छ। केही प्रतिनिधिमूलक घटनाहरु यस प्रतिवेदनमा संलग्न छ।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ।)*

### हत्या/ हत्याको प्रयास

प्रदेश नं. ५ अन्तर्गत कपिलवस्तुको महाराजगञ्ज नगरपालिका-८ सोनवर्षाकी २० वर्षीय किरण कुर्मीले परिवारजनको हिंसा सहन नसकी ०७५ वैशाख १४ गते आफ्नै शरीरमा मट्टितेल खन्याएर आगो लगाई स्वहत्याको प्रयास गरिन्। पीडित युवतीलाई पति धनिराम कुर्मी र परिवारजनका सदस्यले पटकपटक हिंसा गर्दै आएकोमा ०७५ वैशाख १४ गते पनि कुटपीट गरेपछि पीडितले शरीरमा आगो लगाई आत्महत्या गर्ने प्रयास गरेको बताईन्। **त्यसैगरि** नवलपरासीको प्रतापपुर गाउँपालिका-३ स्थित न्यू गोल्डेन लाईफ इङ्गलिस स्कूलका प्रिन्सिपल हरेन्द्र शर्माले नरवली दिएमा सुन पाउने रुढीबादी सोच राखि एक मुसहर समुदायकी महिलाको हत्याको प्रयास गरे। स्थानीय धामी कृष्ण प्याकुरेलको उक्साहटमा प्रिन्सिपल शर्माले सुन प्राप्त हुने लोभले सोही ठाउँकी फुलमती मुसहरलाई नरवली योजनाबद्ध प्रयास गरेको स्थानीयले बताए। आरोपितहरुलाई गिरफ्तार गरि कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनायो।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

प्रदेश नं. ६ को सुर्खेतको सिम्ता गाउँपालिका ५ का ५७ बर्षीय नकहुल कुमार शाहीको ०७५ बैशाख २७ गते श्रीमती र छोरी मिलेर हत्या गरे। दिनहुँ मदिरा सेवन गरि घरेलु हिंसा गर्ने गरेको कारण नै आजित भएर आफ्नै परिवारले हत्या गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनायो। **त्यसैगरि** कालिकोटको नरहरीनाथ गाउँपालिका-९ घर कि दलित महिलातर्फबाट निर्वाचित वडा सदस्य ४२ बर्षीया मना सार्कीलाई कुटपीट गरी हत्या गरेको आरोपमा प्रहरीले स्थानीय २२ बर्षीय राजीन्दा शाही, १९ बर्षीय सृजना शाही र १८ बर्षीय दुर्गा शाहीलाई गिरफ्तार गरि कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनायो।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)**

भिमदत्त नगरपालिका-८ तिलाचौरकी २६ वर्षीया सरस्वती कार्कीलाई हत्या गरेको आरोपमा प्रहरीले ३५ वर्षीय पति केशव कार्कीलाई असार १२ गते गिरफ्तार गरेको छ। सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय लमही, दाङमा कार्यरत केशवले विदामा घर आएको बेला पतिपत्नीबीच विवाद भएपछि असार १२ गते फोरुवाले प्रहार गरी हत्या गरेको आरोप छ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)**

### बलात्कारपछि हत्या

प्रदेश नं. ७ को कृष्णपुर नपा-८ शान्तिपुरकी १७ वर्षीया बालिकालाई बलात्कार गरी हत्या गरेको आरोपमा कृष्णपुर नपा-२ का २१ वर्षीय मदन गिरीलाई ०७५ असार ३२ गते प्रहरीले गिरफ्तार गरेको छ । पीडित बालिका असार २६ गते कैलालीको अत्तरिया बजारमा सामान किनमेल गर्न गएकीमा सोही दिनदेखि बेपत्ता थिइन् । बालिका बेपत्ता भएपछि खोजविनका लागि प्रहरीमा उजुरी गरेपछि खोजतलास गर्ने क्रममा कृष्णपुर नपा-२ स्थित मोहनलाल झाडीवन क्षेत्रको अमखैया खोला नजिक हत्या गरेर जमीनमा गाडिएको अवस्थामा असार ३१ गते बालिकाको शव फेला परेको थियो । पीडित पक्षले बालिका अत्तरिया बजारमा सामान किनेर फर्किने क्रममा मदन गिरीकै मोटरसाईकल चढेको स्थानीयले देखेका र सो समयपछि बेपत्ता भएको आधारमा गिरीलाई गिरफ्तार गरि अनुसन्धान अगाडि बढाईएको प्रहरीले जनायो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)**

**बलात्कार**

प्रदेश नं. १ अन्तर्गत १६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले इलामको रोङ गाउँपालिका-६ का २५ वर्षीय भुवन लुहागुनलाई ०७५ जेठ २३ गते गिरफ्तार गरेको छ । पीडित बालिकालाई आरोपितले जेठ २१ गते बलात्कार गरेको आरोपमा पीडितका आफन्तले जेठ २२ गते इलाका प्रहरी कार्यालय पशुपतिनगरमा उजुरी दिएका थिए । पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २१ गते जिल्ला अस्पतालमा भएको थियो । **त्यसैगरी** ३४ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा पाँचथरको फाल्गुनन्द गाउँपालिका १ का ६० वर्षीय रामबहादुर श्रेष्ठविरुद्ध ०७५ जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भएको छ । पीडित महिलाको स्वास्थ्य परीक्षण जेठ १० गते जिल्ला अस्पतालमा भयो आरोपितले बैशाख २३ गते एक्लै भएको वेला बलात्कार गरेको पीडित पक्षको उजुरीका आधारमा सोही दिन गिरफ्तार गरिएको प्रहरीले जनायो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

प्रदेश नं. २ अन्तर्गत सुस्त मनस्थितिकी २१ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा रामगोपालपुर नपा-१ बसबिट्टी बस्ने २५ वर्षीय राजकुमार यादवलाई प्रहरीले ०७४ चैत १९ गते गिरफतार गरेको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार पीडित महिलालाई आरोपितले ०७४ चैत ८ गते बलत्कार गरेको जानकारीको आधारमा चैत १७ गते मुद्दा दर्ता गरि कार्वाही अगाडि बढाएको थियो । स्थानीय जनप्रतिनिधिकै उपस्थितीमा घटनालाई गाउँमै मिलाउन पीडित पक्षलाई दवाव दिईएता पनि प्रहरीको सक्रियताले कार्वाही प्रक्रिया अगाडि बढेको पीडित पक्षले जनाए । **त्यसैगरि** पाँच वर्षीया र ६ वर्षीया बालिकालाई रौतहट जिल्लाको गुजरा नपा-८ का ३५ वर्षीय रमेश रामले वैशाख १० गते बलात्कार गरेको आरोपमा पीडित पक्षले कार्वाहीको माँग गर्दै ०७५ वैशाख १३ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजरी दिए । पीडित पक्षको मौखिक उजुरीका आधारमा आरोपितलाई वैशाख १२ गते गिरफतार गरि कार्वाही प्रक्रिया अगाडि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डिएसपी शान्तिराम कोइरालाले बताए । पीडित बालिकाहरुको स्वास्थ्य परीक्षण वैशाख १२ गते चन्द्रनिगाहपुरमा भयो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

प्रदेश नं. ४ अन्तर्गत नवलपरासीको मध्यविन्दु नगरपालिका-५ बाघखोरमा ३५ वर्षीया एक महिलालाई बलात्कार गरेको अभियोगमा ०७५ असार १४ गते राति भीमबहादुर बोहोरा र प्रेम केसीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक लिलाराज लामिछानेले घटनाका सम्बन्धमा अनुसन्धान भई कार्वाही प्रकिया अगाडि बढाईएको बताए ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)**

प्रदेश नं. ५ अन्तर्गत बर्दिया जिल्लास्थित जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी ज्ञानमणी नेपाल विरुद्ध बलात्कार अभियोगमा मुद्दा दर्ता भएको छ । जिशिअ निवासमा पढाउने बहानामा ०७५ बैषाख ७ गते एक नावालिकालाई यौन दुर्व्यवहार गरेको आरोप नेपालमाथि रहेको छ । **त्यसैगरि** नवलपरासीको सुस्ता गाउँपालिकास्थित दीपक मावि पक्लिहवाका एक शिक्षकलाई प्रहरीले जबरजस्ती करणीको आरोपमा मुद्दा चलाएको छ । विद्यालयको पुस्तकालयमा पुगेकी कक्षा ७ मा अध्ययनरत १४ वर्षीया छात्रालाई ०७५ अषाढ १ गते अन्य बिद्यार्थीहरु बाहिर निस्किसकेपछी दुर्व्यवहार गरेको आरोपमा विद्यालयका शिक्षक वन्हु खवासलाई मुद्दा चलाइएको प्रहरीले जनायो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

प्रदेश नं. ७ अन्तर्गत १३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले त्रिवेणी नगरपालिका-६ का २५ वर्षीय मीन मिजारलाई ०७५ जेठ २८ गते गिरफ्तार गरेको छ । पीडित बालिकालाई आरोपितले जेठ २७ गते बलात्कार गरेको पीडित पक्षको आरोप छ । पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २८ गते जिल्ला स्वास्थ्य कार्यलय बाजुरामा गरिएको जिल्ला प्रहरी कार्यलयले जनायो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)**

### बोक्सीको आरोपमा अमानवीय कार्य

प्रदेश नं. १ अन्तर्गत ओखलढुङ्गाको चम्पादेवी गाउँपालिका १० रानीवनकी ४९ वर्षीया जानुकामाया कार्कीलाई कथित बोक्सीको आरोप लगाएको आरोपमा सोही ठाँउका ५७ वर्षीय झाँक्री लालबहादुर कार्की विरूद्ध पीडित महिलाले ०७५ जेठ ११ गते प्रहरीमा उजुरी दिईन् । चम्पादेवी गाउँपालिका १० को वडा कार्यालयमा उजुरी दिएपछि वैशाख २० गते प्रहरीसहितको छलफलमा आरोपितले 'बोक्सी हो, जे कारबाही हुन्छ भोग्छु' भनेर गालीगलौज गरेपछि प्रहरीमा उजुरी दिएको पीडित महिलाको भनाई छ । पीडिको उजुरीका आधारमा कार्वाही प्रक्रिया अगाडि बढाईने प्रहरीले जनायो । ओखलढुङ्गामा चालु आर्थिक वर्षमा कथित बोक्सीको आरोपका उजुरी दुईवटा दर्ता प्रहरीको भनाई रहेको छ । **त्यसैगरि** सुनसरीको हरिनगर गाउँपालिकाकी २२ वर्षीया बबिता मेहतामाथि परिवारकै सदस्यहरुले बोक्सीको आरोप लगाई ०७५ जेठ १९ गते निर्घात कुटपिट गरे । स्थानीय बागेश्वरी मन्दिरमा पुजापाठ गरेमा आफ्नी अढाई वर्षीया अबोध छोरीको बोली आउने भनेर छिमेकीले दिएको सल्लाह अनुसार मन्दिरमा पुजापाठ गरेपछि परिवारका सदस्यले बोक्सीले भाकल राख्दै पुजा गर्छन्, तिमी पनि बोक्सी भयौ भन्दै कुटपिट गरेको पीडितले बताईन् । पीडितको उजुरीका आधारमा घटनामा संलग्नहरूलाई जेठ १९ गते गिरफ्तार गरिएको र कानुन अनुसार कार्वाही गरिने प्रहरीले जनायो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

कपिलवस्तुको बुद्धभूमि नपा-९, तीनघेरवाकी ४४ वर्षीया महिलालाई कथित बोक्सीको आरोप लगाएर गाली गलौज गरेको भन्दै सोही ठाउँकी ४५ वर्षीया लोहरी थारुलाई प्रहरीले ०७४ चैत ३० गते गिरफ्तार गरेको छ । पीडित महिलामाथि दुर्व्यबहार भएकोले आरोपितमाथि कार्वाही हुने प्रहरीले जनायो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

### बाल विवाह

प्रदेश नं. २ अन्तर्गत सप्तरीको तिरहुत गाउँपालिका-४ की १५ वर्षीया बालिकासँग विवाह गरेको आरोपमा प्रहरीले भारत बिहार कर्जाईन ग्रामपंचायत-७ का १८ वर्षीय रामकुमार मुखियालाई ०७५ असार ८ गते गिर्फतार गरेको छ । पीडित बालिकाको उजुरीका आधारमा सुनसरीको भण्टावारीबाट सुनसरी प्रहरीले आरोपितलाई गिरफतार गरी सप्तरी प्रहरीमा बुझाएपछि इलाका प्रहरी कार्यालय कन्चनरुपले बाल बिवाह अन्तर्गत कारबाही गरिरहेको इन्सपेक्टर प्रतिक विष्टले बताए । सामाजिक परम्परा अनुसार पीडितका अभिभावकले ०७५ जेठ ६ गते आरोपितसँग इच्छाविपरित विवाह गराएका थिए । **त्यसैगरि** पर्साको वीरगंज महानगरपालिका-१७ का एक अभिभावकले छोरीकी तय गरिएको बाल विवाह प्रहरीमा उजुरी परेका कारण स्थगत गरेका छन् । प्रहरीका अनुसार ०७५ जेठ ३ गते विवाह गर्ने निश्चित भएकोमा बाल विवाह हुदैछ भनि जेठ २ गते उजुरी आएपछि बालिकाका अभिभावकहरुलाई सम्झाउने क्रममा सो विवाह स्थगित हुन सफल भएको थियो ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

### मानव वेचविखन

प्रदेश नं. ५ को कपिलवस्तु जिल्लास्थित भारत जाने नाकाबाट १६ वर्षीया दुई जना र १५ वर्षीया एक जना गरी तीन जना बालिका र १८ वर्षीया दुई जना युवतीलाई राम्रो जागिर लगाई दिने प्रलोभन देखाई कृष्णनगर नाका हुँदै भारततर्फ मानव बेचविखनका लागि लैजाने क्रममा ०७४ चैत १८ गते बाटोबाटै प्रहरीले पीडितहरुको उद्धार गरेको छ ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

### दाईजो / दहेज

प्रदेश नं. ५ अन्तर्गतकै रुपन्देहीको सैनामैना नगरपालिकाकी तीन महिने गर्भवती महिलालाई दाईजो नल्याएको निहुँमा श्रीमान् र सासूले ०७४ चैत्र २९ कुटपिट गर्दै 'घर निकाला' गरे । **त्यसैगरि** बाँकेको नेपालगंजकि एक महिलालाई दाईजोमा कार लगायतका सर सामान नल्याएको भन्दै बिगत आठ महिनादेखी उनका श्रीमान र परिवारले मानसिक तथा शारिरिक यातना दिदै आएको घटना सार्वजनिक जानकारीमा आएको छ ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

### सम्बन्ध विच्छेद

प्रदेश नं. ४ को जुम्ला जिल्ला अदालतमा आर्थिक बर्ष २०७४/०७५ मा दर्ता भएका कुल ९६ मुद्दामध्ये ४० प्रतिशत मुद्दा सम्बन्ध बिच्छेदको रहेको पाईएको छ । कर्णाली प्रदेशका अन्य जिल्लामा समेत बालविवाह, बैदेशिक रोजगारी, अवैध यौनसम्बन्ध तथा क्षणिक आवेगका कारण सम्बन्ध विच्छेद गर्नेको संख्या बढ्दो क्रममा रहेको पाईन्छ ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)**

**प्रदेश नं. १ को केही स्थानमा यस त्रैमासिक अवधिमा जातिय छुवाछुत र भेदभावका घटनाहरु पनि सार्वजनिक जानकारीमा आए । नेपालको संविधानको मौलिक हकमै जातिय छुवाछुत विरुद्धको अधिकारलाई सुनिश्चित गरिए पनि कानुनको प्रभावकारी कार्यान्वय हुन नसक्दा कथित उपल्लो जाति भनिने समुदायबाट अझै पनि भेदभाव र छुवाछुतका घटनाहरु हुने र यस्ता घटनाहरुमा पीडित पक्षलाई नै मिल्नका लागि पनि दवाव दिने गरिएको पाईयो । जसलाई यस अवधिको उल्लेख्य घटनाका रुपमा लिईएको छ ।**

दमक नगरपालिका-४ की कमला घतानी (विक) माथि वडा नम्बर ९ का कृष्ण भण्डारीले ०७४ चैत २२ गते अभद्र व्यवहार गर्दै कुटपिट गरे । कमला तीन दिन अस्पताल बसिन् । 'कमिनी' भनेर गाली-बेइज्जती गरेको भन्दै उनी न्यायका लागि पति पदमसहित इलाका प्रहरी कार्यालय दमक पुगिन् । ९ नम्बर वडा सदस्य मीना विश्वकर्माले पनि उनलाई नगरपालिकाको न्यायिक समिति होइन, इलाका प्रहरी जान सुझाइन् । तर, प्रहरीले छुवाछूत जस्तो गम्भीर मुद्दालाई 'सामान्य' झगडा ठान्दै मिलापत्र गर्न दवाव दिएको पीडित पक्षको भनाइ थियो । **त्यसैगरि** मेचीनगर नगरपालिका-८ मा मगर समुदायले निर्माण गरेको बौद्ध गुम्बाको ०७५ वैशाख ७ गते आयोजित उद्‌टन कार्यक्रममा १४ वर्षीया सुमिता विकलाई स्थानीय उपल्ला जाति भनिने व्यक्तिहरुले छोईछिटो मान्दै उनलाई काम गर्ने ठाउँमा बस्न नदिई फर्काईदिए । दलितले पकाएको रोटी र सामाग्री गुम्बामा चल्दैन भन्दै अपमानित गरिएको पीडितले बताईन् ।

भद्रपुरको कृष्ण द्वैपायन गुरुकुल वेद विद्याश्रमले इलाम नगरपालिका-५ बरबोटेका विकास दर्जीलाई भर्ना गर्नै मानेनन् । जुनसुकै जाति र समुदायले विद्यालय अथवा गुरुकुल पढ्न पाउने अधिकारको बेवास्ता गर्दै भर्ना गर्न नमानेपछि २०७५ जेठ २ गतेदेखि झापामा आन्दोलन भयो । स्थानीय अधिकारकर्मी, राजनीतिक दल, गुरुकुल र प्रशासनबीच जिल्ला प्रशासनमा छलफल र दबाबपछि मात्र विकास दर्जीलाई भर्ना गर्न गुरुकुल समिति बाध्य भएको सार्वजनिक जानकारीमा आयो ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

## ३ - राजनीतिक तनाव/ परिचालन

**बिगतमा झै यस अवधिमा पनि नेत्र विक्रम चन्द 'बिप्लव' नेतृत्वको नेकपाका कार्यकर्ताहरुले बिभिन्न प्रदेशका केही ठाउँमा प्रहरीमाथि आक्रमण गर्नुका साथै बम बिष्फोट र धम्कीका कार्यलाई निरन्तरता दिएको पाईयो । सो संगठनका कार्यकर्ताहरुको बिष्फोट र धम्कीका कारण यस अवधिमा पनि जनजीवन त्रसित हुन पुग्यो भने कतिपय ठाउँबाट सो संगठनमा बावद्ध भएको आरोपमा प्रहरीले गिरफ्‌तारी गर्ने कार्यलाई पनि निरन्तरता दिईनै रहेको पाईयो । हुम्लामा भने प्रहरी हिरासतबाटै सो संगठनका दुई जना कार्यकर्ताहरु भाग्न सफल हुनुले प्रहरीको सुरक्षामै चूनौती बढाएको छ ।**

प्रदेश नं. ६ को सुर्खेत पञ्चपुरी नगरपालिका-९ का नरबहादुर राना र चिंगाड गाउँपालिका अवलचिङका सन्तोष खड्कालाई बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरु भएको र डोल्पामा प्रहरीको स्कर्टिङ टोलीमाथि आक्रमण गरेको आरोपमा ०७५ जेठ २ गते प्रहरीले गिरफ्‌तार गर्‍यो । **त्यसैगरि** हुम्लामा प्रहरी कार्यालयको हिरासतबाट चंखेली गाउँपालिका-३ का लोकेन्द्र बुढा र खार्पुनाथ गाउँपालिका ४ का लेखे नेपाली फरार भएको ०७५ जेठ २६ गते प्रकाशित साझा बिसौनी दैनिकले जनायो । प्रहरीसंग जोडिएका यस्ता घटनाले प्रहरीको साँगठनिक क्षमतामाथि प्रश्नचिन्ह लाग्नुका साथै सुरक्षा चूनौती समेत बढाएको छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

दमक नपा-७ का वडाध्यक्ष ५२ वर्षीय भिमप्रसाद पौडेलको घरमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताले ०७५ जेठ ६ गते राती बम विष्फोट गराउँदा दुई जना सर्वसाधारण घाइते भए । वडाध्यक्षको घरको मुल गेटमा ठूलो आवाजमा बम विष्फोट भएपछि घर अगाडिको बाटोमा हिँड्दै गरेका त्रिलोचन पोखरेल र श्यामकुमारी राई पोखरेल घाइते भएका हुन् । घाईते दुवैको दमकस्थित लाईफलाईन अस्पतालमा उपचार भइरहेको प्रहरीले जनायो । केहिदिन अघि दमक नगरपालिकाको कार्यालयले दमक नपा ७ मा अवस्थित २५ घर सुकुम्वासीहरूको घर सरकारी जग्गामा बनेको भन्दै डोजर लगाएर भत्काएपछि वडाध्यक्ष पौडेलको घरमा कार्वाही स्वरुप विष्फोटन गराईएको सो संगठनले जनायो । घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय दमकका डिएसपी दिपक गिरीले बताए ।

विराटनगर महानगरपालिका १३ स्थित भारतीय दुतावासको सम्पर्क कार्यालयलाई लक्षित गरेर अज्ञात समूहले वैशाख ३ गते बेलुका कुकर बम विष्फोट गराए । कार्यालयको पश्चिम पर्खाल छेउ रहेको चौरीमा साँझ करिव सवा ८ वजे बम विष्फोट भएको थियो । विष्फोटबाट सम्पर्क कार्यालयको पर्खालमा क्षति पुगेको प्रहरीले जनायो । मोटरसाइकलमा आएका दुई जनाले बम विष्फोट गराएको तर उनीहरूको पहिचान हुन भने नसकेको र सो सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीको जनायो ।

**त्यसैगरि** अरुण तेस्रो जलविद्युत आयोजनाको कार्यालयमा अज्ञात समूहले ०७५ वैशाख १७ गते राति बम विष्फोट गराएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आसन्न नेपाल भ्रमणको क्रममा शिलान्यास गर्ने तयारी भइरहेका बेला खाँदबारी नपा-९ स्थित तुम्लिङटारमा रहेको आयोजनाको कार्यालयमा बम विष्फोट भएको हो ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**वि**रगंज महानगरपालिकाको मेनरोडमा रहेको एक घरमा ०७५ जेठ २८ गते साँझ बम विस्फोट हुँदा भारत बिहारको छपराका १८ वर्षीय अमितकुमार पाण्डे घाईते भए । घाईतेको वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनायो । बम विस्फोट किन र कसले गराएको भन्ने बारेमा केही खुल्न नसकेको पर्साका प्रहरी नायव उपरीक्षक राजन लिम्बुले बताए ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

पूर्वी नवलपरासीको हुप्सेकोट गाउँपालिका वडा न. ३ को वडा कार्यालयबाट विप्लव नेतृत्वको नेकपाका कार्याकर्ताहरुले ०७४ चैत्र २८ गते राती कम्प्यूटर र अन्य विद्युतीय सामग्री लुटेर लगेका छन् । नेकपा निकट अवध स्वायत्त प्रदेश जिल्ला जनपरिषद् पूर्वी नवलपरासी नवलपुरको नाउँबाट कार्यालयमा रहेको कम्प्यूटर, लेमिनेशन, फोटोकपी, प्रिन्टर र अन्य कागजपत्र कब्जामा लिएको सार्वजनिक जानकारी गराए ।

**त्यसैगरि** सोही संगठनका कार्यकर्ताहरुले पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेलाई ०७५ जेठ २८ गते मोसो दलेर दुर्व्यवहार समेत गरे । स्थानीय तहमा चर्को कर लगाएको, कमिशन लिएर प्राकृति स्रोत (ढुंगा, गिट्टी र बालुवा) को दोहन गर्न लगाएको, भष्ट्राचार गरेको, कमिसनमा सामान खरिद गरेको लगायतका आरोपमा कार्वाही गरिएको सो संगठनले सार्वजनिक जानकारी गरायो ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीको एक समूहले पञ्चदेवल विनायक नगरपालिका-३ मा रहेको विद्या मन्दिर माविका प्रधानाध्यापक विरबहादुर शाहीलाई०७५ जेठ २२ गते विद्यालय समयमा मोसो दलेर दुर्व्यवहार गरे । विद्यालयले आफ्ना माँगहरू पुरा नगरेको भन्दै बिहान १० बजे प्रधानाध्यापक शाहीकै कार्यकक्षमा गएर अखिल क्रान्तिकारीका कार्यकर्ताहरूले मोसो दलेको नेपाल शिक्षक संघ अछामका पूर्व अध्यक्ष पदमराज अधिकारीले जानकारी दिए । मोसो दल्ने व्यक्तिहरूलाई तत्काल गिरफ्तार गरी कानुनी कारबाही गर्न जिल्लामा कार्यरत शिक्षकहरूले माँग गरे पनि कसैलाई गिरफ्तार गर्न नसकेको शिक्षकहरुको भनाई छ ।

साइपाल गाउँपालिकाका कार्यकारी अधिकृत राधाकृष्ण जोशीलाई भ्रष्टाचार गरेको र राहतमा आएको चामल यार्सागुम्बा टिप्ने व्यक्तिहरूलाई विक्री गरेको आरोप लगाउँदै विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले ०७५ असार १३ गते मोसो दलेर दुर्व्यवहार गरे । जोशीले सोही गाउँपालिकाको लागि आएको दुई हजार क्वीन्टल चामलमध्ये एक हजार पाँच सय क्वीन्टल चामल यार्सागुम्बा टिप्न गएका व्यक्तिहरूलाई विक्री गरेको र चामलबाट आएको रकमको समेत हिसाब नदेखाई भ्रष्टाचार गरेको आरोप सो संगठनले लगाएको छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ७)

**बिगतमा झै यस अवधिमा पनि राजनीतिक दल र तिनका भातृ संगठनहरुले गरेको बिरोध प्रदर्शनमा प्रहरीबाट हस्तक्षेप भएपछि झडपका घटनाहरु भए । सरकारले बिरोध प्रदर्शन गर्न र आन्दोलन गर्नका लागि निश्चित क्षेत्र निर्धारण गरि घोषणा गरेकोमा नागरिक समाज र राजनीतिक दलहरुले नै सोको बिरोध समेत जनाए ।**

तनहुको दमौलीमा पेट्रोलियम पदार्थको मुल्य वृद्धि र बालकृष्ण ढुंगेलको रिहाईको विरुद्धमा नेविसंघ तनहुँले मंगलबार ०७५ जेठ २८ गते साँझ दमौलीमा मसाल जुलुश प्रर्दशन गरयो । नेपाली कांग्रेस पार्टी कार्यालय तनहुँबाट निस्केको मशाल जुलुश सफा सडक हुर्दै मेनचोकमा पुगी कोणसभा गर्ने क्रममा दोहोरो झडप हुन पुग्यो । सोही क्रममा झडप परि नेविसंघ तनहुँका जिल्ला अध्यक्ष चुडामणि खनाल, सचिव विमल गिरी, क्षेत्रीय सभापति समुन थापामगर र पूर्व केन्द्रिय सदस्य लक्ष्मीभक्त खनाल घाइते भएको नेविसंघ प्रवक्ता हरि खनालले बताए । झडपपछि दमौली बजार केही तनावग्रस्त हुन पुगेको थियो । प्रहरीले भने झडपमा कुनै पनि विद्यार्थी घाइते नभएको जनायो । पेट्रोलियम पदार्थ मुल्य वृद्धि फिर्ता लिनुपर्ने, बलात्कारको आरोप लागेका घिरिङ्ग गाउँपालिका वडा नम्वर ४ का वडा अध्यक्ष झक बहादुर कुमाल र वडा सदस्य शक्ति थापालाई गिरफ्तार गरि कार्वाही गर्नुपर्ने लगायतका माँग गर्दै नेविसंघले विरोध स्वरुप मशाल जुलुश र प्रदर्शन गरेको थियो ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

सरकारले आन्दोलन गर्ने छुट्टै स्थानहरु तोकेको छ । सरकारले माइतीघर मण्डलामा पनि विरोध गर्न निषेध गरेकोमा केही राजनीतक दल, प्रतिपक्षी तथा नागरिक समाजका प्रतिनिधिहरुले सरकारको आलोचना गर्दै सोही निषेधित स्थानमा पटक पटक विरोध प्रदर्शन गरेर निषेधको अवज्ञा समेत गरे । प्रतिपक्षीका सांसदहरुले संसद्मा हड्ताल गर्ने स्थान शहरबाट धेरै टाढा भक्तपुरको सल्लाघारीमा तोकेको भन्दै सरकारको चर्को आलोचना गरे ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

## ४ - श्रोत-साधनमाथिको द्वन्द्व

**बिगतमा झैं यस अवधिमा पनि श्रोत साधनमाथिको दोहनले स्थानीयस्तरमा तनाव बढाएको पाईयो । खासगरि क्रसर संचालन र स्काभेटरको प्रयोग र अत्यधिक दोहनले स्थानीय खोलाहरु बढी गहिरिने र बिपदको जोखिम बढने भन्दै स्थानीयले बिरोध गरे । कतिपय स्थानमा भने बिरोध र अवरोधका बावजुद पनि खोलानालाहरुबाट नदीजन्य पदार्थहरु चोरी निकासी गरि बेचबिखन गर्ने कार्य भईरहेको पाईयो । यस्ता कार्यमा राजनीतिक संलग्नतामै संरक्षण हुने गरेको स्थानीयको भनाई रह्यो ।**

काभ्रे जिल्ला प्रशासनले एक्स्काभेटर र डोजरको प्रयोगले पहाडका जमिनहरुमा थप क्षति हुनबाट जोगाउन भन्दै सातवटा क्रसर उद्योगहरुलाई बन्द गराएको छ। भूकम्पको कारणले कमजोर भएको जमिनमा थप क्षति नहोस् भनी सो निर्णय लिनु परेको प्रशासनले जनायो । प्रमुख जिल्ला अधिकारी सुदर्शन ढकालले उद्योगहरुले तोकिएको मापदण्ड पालना नगरेकोले संचालन बन्द गरेको जानकारी दिए । स्थानीय जनसमुदायले क्रसर संचालनमा रोक लगाउन चर्को दबाव दिएका कारण प्रशासनद्वारा रोक लगाउने निर्णय गरेता पनि लुकिछिपी अझै संचालन गरिरहेको स्थानीयको आरोप छ। राजनीतिक दलका नेता र सांसदहरुकै लगानीमा क्रशर संचालन हुँदै आएकोमा यस घटनाले प्रशासन र राजनीतिक व्यक्तिहरुवीच थप द्वन्द्व बढ्न सक्ने सम्भावना पनि नकार्न सकिदैन ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

तनहुँका एक दर्जन क्रसर उद्योग मापदण्डविपरीत संचालन भइरहेका छन् । जिल्ला घरेलु तथा उद्योग कार्यालयद्वारा प्रशासनलाई पठाइएको विवरण अनुसार नगरपालिका क्षेत्रमा रोडा, ढुंगा उद्योग स्थापना गर्न नपाइने भनिएता पनि अधिकांशले मापदण्ड विपरीत संचालन गरेको पाईएको हो । पृथ्वी राजमार्ग छेउमा शुक्लागण्डकी-२ को खनाल गिटी बालुवा उद्योग, यसो शान्ति कंक्रिट स्टोन, सिद्धेश्वर एग्रिगेट एन्ड कंक्रिट ब्लक उद्योग, हारती एग्रिगेट इन्ड्रस्ट्रिज, क्वालिटी ग्रिट एन्ड क्रसर उद्योग क्रसर, महालक्ष्मी एग्रिगेट इन्ड्रस्ट्रिज, शुक्लागण्डकी-७ को शिवशक्ति ढुंगा, बालुवा क्रसर उद्योग र वडा ६ को थापा एग्रिगेट उद्योगले मापदण्ड विपरीत सञ्चालन गरिरहेको जिल्ला घरेलु तथा साना उद्योग कार्यालय तनहुँले जनायो।

प्रदेश नं. ४ लाई प्राकृतिक स्रोत व्यवस्थित र वातावरणमैत्री बनाउने सम्बन्धी अध्ययन समितिले प्रदेशमा ढुंगा, गिटी, बालुवाको दोहन तथा वन क्षेत्र र तालतलैया अतिक्रमण अत्यधिक भएको निष्कर्ष निकालेको छ। समितिले प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकमा यस्तो प्रतिवेदन बुझाएको हो। प्रदेश सरकारले प्राकृतिक स्रोत, साधनको अत्यधिक र अनियन्त्रित दोहन भएकाले यसलाई रोक्न आवश्यक नीति बनाउने, समस्या र समाधानका उपायसमेत खोज्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्सालको संयोजकत्वमा ०७४ चैत १४ मा समिति बनाएको थियो। अध्ययनका क्रममा ढुंगा, गिटी, बालुवाको उत्खनन, संकलन, क्रसर उद्योग सञ्चालन तथा बिक्री वितरण राज्यले अपेक्षा गरेअनुसार व्यवहारमा लागू नभएको भेटिएको प्रतिवेदनमा उल्लेख छ।

**(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)**

नवलपरासीमा दिन प्रतिदिन बढ्दै गएको नारायणी नदीबाट नदीजन्य पदार्थको अवैध उत्खनन र चोरी निकासी अझै रोकिएको छैन् । नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) नारायणी नदीबाट लामो समयदेखि हुँदै आएको नदीजन्य पदार्थको ( ढुंगा, गिट्टी, बालुवा) अवैध उत्खनन गरी र चोरी निकासी अझै नरोकिएको हो । नदीबाट निकालिएका नदीजन्य पदार्थ ( ढुंगा, गिट्टी, बालुवा) अवैध उत्खनन गरी जिल्लाका स-साना सीमावर्ती नाका हुँदै भारत निकासी समेत हुने गरेको छ । गाउँमा मठमन्दिर निर्माण एवं अन्य घरायसी काम देखाउँदै झुक्याएर कारोबारीले नदीजन्य पदार्थको अवैध उत्खनन गरी भारततर्फ चोरी निकासी गर्दै आएका छन् । नदीजन्य पदार्थको चोरी निकासी बढे पनि स्थानीय तहले वास्ता नगरेको भनि स्थानीय नागरिकहरुबाट चौतर्फी आलोचना बढेपछि गाउँपालिकाले त्यसलाई व्यवस्थित गर्न अनुगमन गर्न थालेको छ ।

कपिलवस्तुमा नदीजन्य पदार्थको निकासी परिमाण यकिन नभए पनि ठेकेदारहरूले नदिको दोहन रोकेका छैनन । दोहन नियमनकर्ताकै संरक्षणमा भएको स्थानीयको आरोप छ। जिल्ला समन्वय समिति प्रमुख नारायण खनाल तथ सुरक्षा समिति प्रमुख सहित राजनीतिक दल तथा स्थानीय तहका प्रमुख सहितको ०७५ चैत २६ गते बसेको बैठकले परिमाण यकिन गर्न समिति बनाएको थियो। नदीजन्य पदार्थ निकासीको परिमाण यकिन गर्न गठित समितिले अझै प्रतिवेदन बुझाएको छैन।जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर विनोद चौधरीको संयोजकत्वमा समिति बनाई ७ दिनभित्र प्रतिवेदन दिने र सोहि आधारमा बढि नदीजन्य पदार्थ निकासी भएको नाका बन्द गर्ने निर्णय गरेको थियो। तर दुई महिना वितिसक्दा पनि परिमाण यकिन गरि सोको प्रतिवेदन अहिलेसम्म जिल्ला समन्वय समितिमा पेश गरिएको छैन।

**स्पष्टिकरण माँग**

बाँके जिल्लास्थित जिल्ला समन्वय समितिले फर्जी सरकारी छाप र रसिद प्रयोग गरी नदीजन्य प्राकृतिक स्रोत र साधनको दोहोन गरेपछि सो फर्जी कार्य गर्ने ठेकेदारसंग लिखित स्पष्टीकरण माँग गरेको छ। नदीजन्य पदार्थ बिक्रीका लागि ठेक्का लिएको सपना ट्रेडर्स एन्ड सप्लायर्स नेपालगन्जका गोपाल अधिकारीसंग समितिले लिखित जवाफ मागेको हो । बाँकेका जिल्ला समन्वय अधिकारी हरिकृष्ण ज्ञवालीले 'सरकारी छाप किर्ते र फर्जी रसिद प्रयोग भइरहेको बारे ठेकेदारसंग सोधपुछ गरिएको बताए ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**कर्णाली प्रदेश अन्तर्गत कर्णाली जलविद्युत आयोजनाको खारेजी र भेरी बबई डाईभर्सनमा समुदायको न्यूनतम माँगहरु पुरा गरिनुपर्ने जनाउँदै स्थानीयले बिरोध र तालावन्दी गर्ने कार्य गरेको पाईयो । स्थानीयले भेरी बबई परियोजनासंग शुद्ध खानेपानी, सिंचाई र प्रदुषणमुक्त वातावरण निर्माण गर्न माँग गर्दै आएको उनीहरुको भनाई थियो ।**

कर्णाली प्रदेशकै ठूलो माथिल्लो कर्णाली जलविद्युत् आयोजना खारेजीको माँगसहित कर्णाली बचाऔं राष्ट्रिय अभियानले आन्दोलन गरेको छ । आयोजना शुरु भएको एक दशक वितिसक्दा समेत आयोजनाका काम शुरु हुन नसक्नु शंकास्पद भएको भन्दै आयोजना खारेजीको माँग गरिएको २०७५ बैशाख २५ प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ। अभियानले यसअघि पनि उक्त जलविद्युत् आयोजनाको विरोध गर्दै आएको छ। उक्त आयोजनाको ठेक्का भारतीय कम्पनी जिएमआरले लिएको छ। आवश्यक रकम जुट्न नसकेको भन्दै कम्पनीले भने म्याद थपका लागि सरकारसंग पटक पटक आग्रह गरेको छ ।

राष्टिय गौरवको योजनाका रुपमा रहेको भेरी बबई डाइभर्सन परियोजनाको कार्यालयमा स्थानीय बासिन्दाले तालाबन्दी गरेकोमा स्थानीयको सबै माँग पूरा गरिदिने भएपछि ताला खोलिएको थियो २०७५ बैशाख २० गतेको साझा बिसौनी दैनिकले जनाएको छ। स्थानीय बासिन्दा र कामदारबीच भएको सहमति परियोजनाले कार्यान्वयन नगरेको भन्दै तालाबन्दी गरेका थिए । परियोजना निर्माणस्थल रहेको सुर्खेतको भेरीगंगा नगरपालिकाको हात्तिखालमा स्थानीयले परियोजनासंग शुद्ध खानेपानी, सिंचाई र प्रदुषणमुक्त वातावरण निर्माण गर्न स्थानीयले माँग गरेका थिए ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

## ५- सङ्क्रमणकालीन न्याय/न्यायमाथिको पहुँच

**न्यायको बैकल्पीक व्यवस्थाका रुपमा स्थानीय तहमै न्यायिक समिति गठन भएता पनि समितिमा बिबादका पक्षहरुको उजुरी अति न्यून मात्रामा आउने गरेको पाईयो । आम नागरिकलाई न्यायिक समितिको बारेमा जानकारी नहुनु, दलीय हिसावले न्याय सम्पादनको आशंका, पदाधिकारी बारे न्याय निरुपणको क्षमता जस्ता कारणले मुद्दाको चाप न्यायिक समितिमा भन्दा प्रहरीमै बढी हुने गरेको पक्षहरुको भनाई रहेको पाईयो ।**

बाग्लुङ्मा ०७४ चैत मसान्तसम्ममा झैझगडा, कुटपिट, अंश चामल र साँधकिलो मिचिएर अन्यायमा परेको भन्दै प्रहरीमा एक सयभन्दा बढी र अल्पकालीन महिला सेवा केन्द्रमा ९० मुद्दा दर्ता भए। स्थानीय तह गठन पश्चात यस्ता मुद्दा स्थानीय तहमै गठित न्यायिक समितिले हेर्नुपर्ने हो। तर न्यायिक समितिमा छिटपुट मात्रै मुद्दा पुग्ने गरेका छन्। अधिकांश अझै पनि प्रहरीमै पुग्ने गरेका छन् । स्थानीय तहको न्यायिक समितिबारे जानकारी कम हुनु, दलीय प्रतिस्पर्धाबाट चुनिएका संयोजक भएकाले राजनीतिक पूर्वाग्रह हुने आशंकमा र उपप्रमुखको न्याय निरुपणका क्षमता बारे विश्वस्त हुन नसक्दा झगडिया पुग्ने क्रम निकै कम भएको हुन सक्ने स्थानीय जानकारहरु बताउँछन्।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

## ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्यलाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**०७२ सालमा गएको महाभूकम्प तीन वर्ष वितिसक्दा पनि भूकम्प प्रभावित क्षेत्रहरुमा प्रभावित व्यक्तिहरुले सहज रुपमा राहत नपाउँदा घर टहरा बनाउने कार्यमा अझै ससमस्या देखिएको छ । यतिका समय बित्दा पनि घर टहरा बनाउ नपाएपछि अव एकातिर सामानको मूल्य आकाशिदो छ भने अर्कोतिर राहत रकम पनि नपाईने हो कि भन्ने पिरलो पीडितहरुमा बढदो छ ।**

सिन्धुपाल्चोकमा अझै पनि भूकम्पमा घर गुमाएका १० प्रतिशत भूकम्प पीडितले घर बनाउन शुरु नै गरेका छैनन् । कामदारको अभाव तथा निर्माण सामग्रीको मूल्य अत्यधिक बृद्धि भएपछि उनीहरुको घर बनाउन नसकेका हुन् । यसले गर्दा घर बनाउन शुरु नै नभएपछि राज्यबाट पाउने अनुदान पनि गुम्ने जोखिम भूकम्प पीडितहरुमा बढ्दै गएको छ ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका भूकम्पपीडितहरुले घर पुनर्निर्माण गरी बसोबास सुरु गरेपनि अनुदानको दोस्रो किस्ता अझै पाएका छैनन्। सो गाउँपालिकामा खटिएका पुनर्निर्माण प्राधिकरणका प्राविधिकले 'मागेको रकम' नदिदा दोस्रो किस्ता रकमको सिफारिस नगरेको पीडितहरुको गुनासो छ। अन्नपूर्ण गाउँपालिका-५ का वडा सदस्य पृथबहादुर पुनले प्राविधिकले घुमाउरो भाषामा रकम मागेको र नदिएपछि राहतका लागि सिफारिस रोकेको दाबी गरेका छन् । अन्नपूर्ण गाउँपालिकामा भूकम्प पीडित ३२ घरपरिवार घर निर्माण पुरा गरेपनि दोस्रो किस्ताको रकम पाएका छैनन्। प्राधिकरणबाट खटिएका प्राविधिकले अनुगमनसँगै दोस्रो र तेस्रो किस्ताको रकम निकासा गर्न आलटाल गरेकोले समस्या भएको पीडितको आरोप छ ।

**त्यसैगरि** स्याङ्जामा भूकम्प पीडितहरुले राहत लिन प्रक्रिया पूरा गर्नुपर्दा निकै झन्झटिलो भएको बढी हैरानी खेप्नु पर्ने बताएका छन् । उनीहरूले प्रायः कामको शिलशिलामा वडा कार्यालय, नगरपालिका, जिल्ला समन्वय समिति र बैंक धाउनु पर्दा हैरानी पाएका हुन्। कागजात नमिलेकै कारण करिब सयजना भूकम्प पीडितले राहत लिन नपाएको नेपाल बैंकको शाखाले जनाएको छ। 'पीडितको अवस्था देख्दा र बुझ्दा निकै समस्या छ,' शाखा प्रबन्धक विश्वराज अधिकारीले भने, 'कहिले के कागज पुग्दैन, कहिले के। उनीहरूको नाममा पैसा आएको छ तैपनि भुक्तानी लिन सकेका छैनन् ।'

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ४)

कर्णाली प्रदेशमा यस समीक्षा अवधीमा देखापरेका प्राकृतिक प्रकोप, राहत वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती बढदो रुपमा रहेको छ । बर्षात्को समय शुरु भैसक्दा समेत उचित स्थानमा पुनर्स्थापना नहुँदा बाढीपीडितहरु त्रासमै दिन र रात विताउन बाध्य छन् । सुर्खेतको पञ्चपुरी नगरपालिका तिखाकुनास्थित खोला किनारमा रहेका बाढीपीडितले उचित पुनर्स्थापनाको माँग गरेका छन् ।

**त्यसैगरि**कर्णाली प्रदेश अप्ठेरो भौगोलिक अवस्थिति, धेरै खोलानाला तथा कमजोर पूर्वाधार भएका कारण पनि यहाँ विपत्तिका धेरै घटना हुने गरेका छन् । यहाँका भेरी तथा कर्णाली नदीमा आवश्यक पुल नहुँदा स्थानीयहरु जेखिमपूर्ण यात्रा गर्न बाध्य छन् ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ६)

**भूकम्पबाट क्षति हुन पुगेको विद्यालयको भौतिक संरचनाको पूर्ननिर्माण हुन नसक्दा पठन पाठनमै समस्या भई बालबालिकाहरु शिक्षाबाटनै बञ्चित हुनु परेको छ ।**

०७२ वैशाख १२ को भूकम्पले क्षति पुगेको तीन वर्ष बित्दा पनि विद्यालय मर्मत तथा पुनः निर्माण हुन नसकेपछि अहिले पनि अस्थायी टहरामा कक्षा सञ्चालन गर्नुपरेको छ । जीर्ण टहराका कारण कतिबेला के हुने हो भन्ने भय र त्रासमै पठनपाठन गर्नु परेको शिक्षक एवं अभिभावकको गुनासो छ। अस्थायी टहरामा कक्षा सञ्चालन गर्दा सबैभन्दा समस्या पानी परेका समयमा हुने गरेको छ । भयरहित वातावरणमा कक्षा सञ्चालन गर्न नपाउँदा विद्यार्थीहरूको मनोविज्ञानमा समेत नकारात्मक प्रभाव परेको शिक्षकहरु बताउँछन्। विद्यालयमा कक्षा कोठाको अभाव भएपछि त्रिपालमुनि नै पठनपाठन गराउनु पर्दा समस्या हुने गरेको हो। ओखलढुङ्गामा भूकम्पले दुईसय ७६ विद्यालय पूर्ण र चारसय ९४ विद्यालय आंशिक क्षति भएका थिए । ती विद्यालयका आठसय २३ कक्षा कोठा पूर्ण क्षति भए पनि अहिलेसम्म अधिकांश विद्यालयका भवन पुनः निर्माण भइसकेका छैनन् ।

(१३ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

## ७ - प्रवृत्ति

- स्थानीय तहको निर्वाचन भएको एक वर्ष वित्न लाग्दा समेत कर्मचारीको अभाव, भएका कर्मचारीहरु लामो समय बिदामा बस्ने जस्ता प्रवृत्तिले स्थानीय सर्वसाधारणले पाउने सेवा प्रवाहमा असहजताको प्रत्यक्ष असर निर्वाचित जनप्रतिनिधिमै देखिने सम्भावना बढदो रुपमा रहेको छ । यसले आगामी दिनमा जनप्रतिनिधि र सर्वसाधारण नागरिकवीच दूरी बढाउने सक्ने सम्भावना देखिन्छ ।
- प्रदेश नं. १, ६ र ७ का बिकट पाहाडि क्षेत्रमा अझै पनि स्वास्थ्य क्षेत्रको दुरावस्ता छ । भवनको समस्या, दक्ष चिकीत्सक र उपचारका सामग्रीहरुको अभावले बिरामीहरुले राम्रो स्वास्थ्योपचार पाउनबाट बन्चित नै हुनुपरेको छ । यसले गर्दा राज्यप्रति बिस्तृष्णा बढदो छ ।

- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु नै दलगत ध्रुवीकरणमा बिभक्त भई कार्यालयमा तालावन्दी गरेर आन्दोलनमा रहदा स्थानीय बिकासको काममा अवरुद्ध हुनुका साथै त्यसले आम सर्वसाधारणमा समेत नकारात्मक असर पार्ने सम्भावन बढी देखिन्छ ।
- निर्वाचित प्रतिनिधिहरु बिकासको मुद्दामा केन्द्रीत भई अगाडि बढनुको साटो सवारी साधन, सुबिधा र बिलासिताका बस्तुहरुमा अलमलिने प्रवृत्तिले आम नागरिकमा जनप्रतिनिधिप्रति नै नकारात्मक धारणाको बिकास भई नागरिकहरुबाटै बिरोधको सामना गर्नुपर्ने अवस्था सृजना नहोला भन्न सकिन्न ।
- स्थानीय सरकारले बिकासको नाममा बजेट सकाउने मात्र कार्य गर्नाले गुणस्तरीय काम देखाउन सक्ने अवस्था न्यून छ । यसले गर्दा आउँदा दिनमा बिकासमा भ्रष्टाचार र अनियमितताको संकेतहरु प्रशस्त देखा पर्न सक्दछ ।
- मुलुक संघीयतामा गईसकेता पनि स्थानीय तह र प्रदेश तहको आवश्यक कानुन निर्माणमा भईरहेको ढिलाईले स्थानीय तह संचालनमै समस्या उत्पन्न हुने अवस्था बढदो छ ।
- स्थानीय तहमै श्रोत र साधन भएर पनि स्वास्थ्योपचारको अभावमा सर्वसाधारणले अस्पतालमै ज्यान गुमाउनु परेको छ । यसले गर्दा सरकारी सेवाप्रति नै नकारात्मक धारणा बढदो रुपमा रहेको छ ।
- महिलामाथिको हिंसा अन्तर्गत बलात्कार, बलात्कारपछि हत्या जस्ता जघन्य अपराधका साथै बोक्सीको आरोपमा अमानवीय कार्य, दहेज, बालविवाह जस्ता कार्यहरु भईरहेकोले यसको न्यूनिकरण र रोकथामका लागि कानुनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै शिक्षा र जनचेतनामा पनि जोड दिन आवश्यक छ ।
- नेत्र विक्रम चन्द 'बिप्लव' नेतृत्वको नेकपा माओबादीले गरेको हिंसात्मक गतिविधि, तोडफोड र आगजनीले आउँदा दिनमा पनि थप समस्या र क्षति नहोला भनेर भन्न सकिने अवस्था छैन । पछिल्लो समयमा प्रहरीमाथि नै आक्रमण हुनु जस्ता घटनाले आगामी दिनमा अझ भयावह अवस्थाको संकेत गर्दछ । तसर्थ यसका लागि सरकारले गंभीर भई वार्ता र सम्वादको थालनी गरि समस्याको समाधान खोज्नु जरुरी छ ।
- प्राकृतिक स्रोतको अवैध दोहन रोकिन सकेको छैन । यही क्रम बढदो रुपमा रहेमा प्राकृतिक बिपदको पनि सम्भावना बढने हुँदा राज्यले यसप्रति संवेदनशील हुन आवश्यक देखिन्छ ।
- भूकम्प पीडितले अझै सहज रुपमा राहतको अनुभूति गर्न नसकेकोले सरकारप्रति नै पीडितहरुको रोष बढदो छ । तसर्थ सरकारले यस सवालमा ठोस निर्णय गरि दिगो समाधान खोज्न जरुरी देखिन्छ ।
- धेरैभन्दा धेरै स्थानीयस्तरमा आउने मुद्दा छिनोफानो गर्ने न्यायिक समितिको पछिल्लो समयमा बिश्वसनीयतमाथि समेत प्रश्न उठन थालेकोले समितिलाई बिश्वसनीय र प्रभावकारी बनाएर अगाडि बढन स्थानीय तहले बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१३ औं EWER त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुव्वा, प्रदेश नम्वर २ मा नेपाल मधेश फाउण्डेशन (नेमाफ) कानन्दकुमार साह, प्रदेश नम्वर ३ मा पत्रकार रुद्र पंगेनी, प्रदेश नम्वर ४ मा पत्रकार रामेश्वर बोहरा, प्रदेश नम्वर ५ मा मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे,प्रदेश नम्वर ६ मा मध्यपश्चिमाञ्चल विश्वविधालय सुर्खेतका कमलराज लम्साल र प्रदेश नं. सातमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने **प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अनुराग आचार्यले** गर्नुभएको छ ।